जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक १७ २०८३ साल साउन २० गते बुधबार (5 Aug 2026 Wednesday) मूल्य रु. ५/-

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'पुनर्भरण र दोहनबीचको.. ३ पृष्ठमा : राजारानी हाइकिङ : प्राकृतिक ... ३ पृष्ठमा :हर्मुजमा कार्गो जहाजमाथी...

# शिक्षा र स्वास्थ्य क्षेत्रका लागि ट्रष्ट बनाउन जग्गादानसंगै निजी खर्चमै निर्माण



राजविराज १६ वोरिया निवासी ७२ बर्षीय डा. चिरञ्जीवी लाल देवद्वारा निर्माणाधीन ट्रष्ट स्थल ।
*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरीका एक शिक्षा प्रेमी तथा समाजसेवीले शिक्षा र स्वास्थय क्षेत्रलाई उकास्न ट्रष्ट निर्माणका लागि एक करोड भन्दा बढी मुल्य बराबरको जग्गा दान गरेका छन् ।

राजविराज नगरपालिका १६ वोरिया निवासी ७२ बर्षीय डा. चिरञ्जीवी लाल देवले ट्रष्ट निर्माणका लागि सोही वडामा पर्ने छिन्नमस्ता सडक खण्डको किनारमै एक करोड १० लाख मुल्य बराबरको डेढ कठ्ठा जग्गा निशुल्क प्रदान गरेका हुन् ।

उनले निजी खर्चमै उक्त जग्गामा शिक्षा र स्वास्थ्य सम्बन्धि गतिविधि सञ्चालन गर्न तथा गरिव, असहाय, बेसहारा व्यक्तिका लागि वास स्थल, आश्रम लगायतका संरचना निर्माण कार्य पनि सुरु गरेका छन् ।

राजविराज ५ स्थित जानकी-अयोधी सेकेण्ड्री स्कूलका संस्थापक रहेका उनी महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजको प्रमुखको जिम्मेवारी सम्हाली सकेका छन् । केही समय अघि उनी सेवा निवृत भएका हुन् ।

जग्गा प्रदान संगै स्थानिय प्रशासनमा विधिवत् दर्ता भई निर्माण कार्य समेत सुरु भएको ट्रष्टको स्थानियकै सल्लाह सुझावमा 'जानकी-अयोधी-मञ्जु-डा चिरञ्जीवी च्यारेटी ट्रष्ट' नामांकरण गरिएको छ ।

एक बर्ष भित्र उक्त जग्गामा ट्रष्टका लागि आवश्यक भवन निर्माण कार्य सम्पन्न गरी सेवा सुचारु समेत गर्ने उनको लक्ष्य छ । ट्रष्ट अन्तर्गत सामाजिक कार्यका लागि सामुदायिक भवन पनि बनाउने उनको योजना छ ।

प्रारम्भिक चरणमा सहुलियत दरको पोली क्लिनिक, प्राविधिक शिक्षालय खोलिने र त्यसपछि क्रमशः आश्रम र सामुदायिक भवन थपिदै सेवा विस्तार गर्दै लगिने उनको भनाई छ । उनले आफू बाँचुञ्जेल समाजमा अन्य परोपकारी कार्यका लागि सहयोग गरिरहने उद्घोष पनि गरेका छन् ।

# मोटरसाइकल दुर्घट्नामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

हुलाकी राजमार्ग अन्तर्गत सप्तरीको महादेवा गाउँपालिका १ चिमटीमा सोमबारराति मोटरसाइकल दुर्घट्नामा दुई जनाको ज्यान गएको छ ।

तिब्रगतिमा चलाइएको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक महादेवा गाउँपालिका १ राम टोल बस्ने ३५ वर्षीय संतोष राम र पछाडि सवार ४५ वर्षीय शंकर रामको ज्यान गएको प्रहरीले जनाएको छ ।

पकरीबाट बथनाहातर्फ जाँदै गरेको स.०१-००६-प.२४९६ नंम्बरको मोटरसाइकल ओभरस्पिडको कारण कल्भर्टमा ठोक्किएर सडकदेखि अन्दाजी १५ फिट तल खसेर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डीएसपी एवं प्रवक्ता हेमराज घिमिरेले जानकारी दिए ।

दुर्घटनामा गम्भीर घाइते भएका दुबैलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकोमा सन्तोषलाई चिकित्सकले मृत घोषणा गरेका थिए भने शंकरको सामान्य उपचार पश्चात थपउपचारका लागि बिराटनगरस्थित गोल्डेन अस्पताल पठाइएकोमा उनलाई पनि चिकित्सकले मृत घोषणा गरेको उनले बताए ।

# सुनसरीको कप्तानगन्ज घटनामा घाइते भएका मेहताको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सुनसरीको देवानगन्ज गाउँपालिका ३ कप्तानगन्जमा यही साउन १० भएको घटनामा गोली लागेर घाइते भएका २२ वर्षीय रवीन्द्र मेहताको मंगलबार उपचारका क्रममा मृत्यु भएको छ । योसँगै सुनसरी घटनामा मृत्यु हुनेको संख्या तीन पुगेको छ ।


काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा मेहताको मृत्यु भएको हो ।

यता उक्त घटनाको बिरोधमा प्रदर्शन हुँदा साउन १४ गते सिरहाको गोलबजारमा गोली लागेर औरही गाउँपालिकाका २ का १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो भने सुनसरी घटनामा गोली लागेर घाइते भएका देवानगन्जका २७ वर्षीय जयप्रकाश मेहताको पनि सोही दिन उपचारका क्रममा मृत्यु भएको हो ।

यसअघि साउन १० गते आइतबार राति भएको घटनामा गोली लागेर गम्भीर घाइते भएका देवानगन्ज ४ का २५ वर्षीय ओमप्रकाश मेहताको उपचारकाका क्रममा मृत्यु भएको थियो ।

कप्तानगन्जमा दुई पक्षबीच भएको विवाद हिंसात्मक झडपमा परिणत भएपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको थियो । उक्त घटनामा गोली लागेर १० जना युवा घाइते भएका थिए ।

# ब्राउन सुगरसहित यूवक पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरी प्रहरीले लागुऔषध ब्राउन सुगरसहित एक यूवकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्लाको खड्क नगरपालिका ४ पन्सेरा टोल निवासी २८ वर्षिय राजेश कुमार चौधरी छन् ।

प्रहरी कार्यालय कडरबोनाको टोलीले लागू औषध ब्राउन सुगर बिक्री बितरण गरीरहेको गोप्य सुचनाको आधारमा गत शनिबार चौधरीको घरमा खानतलासी गर्दा ब्राउन सुगर जस्तो देखिने गिलो पदार्थ ८.४८० (आठ ग्राम चार सय असी मिलिग्राम) बरामद गरेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक एवं प्रवक्ता हेमराज घिमिरेका अनुसार खानतलासीका क्रममा उनले लगाएको कालो रंगको जिन्स पाइन्टको अगाडीको खल्तीमा स्टिलको सानो बट्टा भित्र कालो प्लाष्टिकले बेरिएको अवस्थामा लागू औषध ब्राउन सुगर जस्तो देखिने गिलो पदार्थ फेला परेको हो ।

लागुऔषध ब्राउन सुगरसहित प्रहरीले चौधरीको साथबाट नगद ५ हजार ४ सय तथा कोठामा रहेको तीन थान मोबाईल र प्र.३-०२-०१२प.३५६२ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ ।

पक्राउ परेका चौधरीलाई जिल्ला अदालत राजबिराज सप्तरीबाट पाँच दिनको म्याद थप गराई अनुसन्धान कार्य भईरहेको प्रहरी नायव उपरीक्षक घिमिरेले जानकारी दिए ।

# गाजासहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १९ साउन ।**

सप्तरीको कञ्चनरुप नगरपालिकाबाट लागूऔषध गाँजासहित एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भोजपुर जिल्लाको पैवादुबा गाउँपालिका ६ का २३ वर्षीय सागर राई छन् ।

प्रहरीको केन्द्रीय समाचार कक्ष अनुसार उनलाई कञ्चनरूप नगरपालिका ७ बलुवा चोकबाट पक्राउ गरिएको छ ।

राईको साथबाट ९ किलो ९ सय ३० ग्राम गाँजा बरामद भएको छ । यस सम्बन्धमा आवश्यक अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

**विषाक्त च्याउ नखाऔं: सुरक्षित बनौं**

- जंगली च्याउ खानुअघि यसको पहिचान र सुरक्षाबारे सुनिश्चित गरौं,
- अपरिचित च्याउ टिप्ने र खानेबानी त्यागौं,
- विषालु च्याउको प्रयोगबाट हुने स्वास्थ्य जोखिमबारे सचेत बनौं,
- च्याउ खाएपछि असहज लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- स्थानीय स्तरमा च्याउ विषाक्तता सम्बन्धी जनचेतना फैलाऔं,
- सुरक्षित र पहिचान भएको खाद्य पदार्थ मात्र सेवन गरौं।

विषालु च्याउ खाँदा स्वास्थ्यमा ठूलो जोखिम हुन सक्छः सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बेमौसमी खेतीमा ह्रास

सप्तरी जिल्ला कृषि उत्पादनका दृष्टिले मुलुककै महत्वपूर्ण जिल्लामध्ये एक हो । यहाँ धान, गहुँसँगै बेमौसमी तरकारी खेतीले पनि किसानको आयआर्जनमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । तर पछिल्ला वर्षहरूमा बेमौसमी खेतीप्रति किसानको आकर्षण घट्दै गएको देखिन्छ । यसको प्रत्यक्ष असर किसानको आम्दानी, स्थानीय बजार र उपभोक्तामा समेत परेको छ । बेमौसमी खेतीमा ह्रास आउनुका पछाडि रासायनिक मल, गुणस्तरीय बीउ र विषादीको अभाव तथा महँगी, सिँचाइ सुविधाको कमी, उत्पादन लागतमा वृद्धि, मौसमको अनियमितता र जलवायु परिवर्तन प्रमुख चुनौती बनेका छन् ।

उत्पादन भएपछि पनि उचित मूल्य नपाउने, भण्डारण तथा बजारीकरणको कमजोर व्यवस्था र भारतबाट आयात हुने सस्तो तरकारीसँग प्रतिस्पर्धा गर्नुपर्ने बाध्यताले किसान निरुत्साहित बनेका छन् । युवाशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा कृषि क्षेत्रमा श्रमिकको अभाव बढेको छ । आधुनिक प्रविधिको सीमित प्रयोग, कृषि प्राविधिकको पर्याप्त पहुँच नहुनु र कृषि बीमाको प्रभावकारी कार्यान्वयन हुन नसक्नुले पनि बेमौसमी खेती विस्तारमा बाधा पुगेको छ ।

सप्तरीको कृषि उत्पादन घट्दै जाने, किसानको आयमा कमी आउने र उपभोक्ताले बाहिरी जिल्लाका तथा आयातित तरकारीमा अझ बढी निर्भर हुनुपर्ने अवस्था सिर्जना हुन सक्छ । यस समस्याको समाधानका लागि स्थानीय, प्रदेश र संघीय सरकारले समयमै मल, बीउ तथा सिँचाइको व्यवस्था गर्नुपर्छ । किसानलाई आधुनिक प्रविधि, प्लास्टिक टनेल, ड्रिप सिँचाइ, कृषि बीमा र सहुलियतपूर्ण ऋण उपलब्ध गराउनु आवश्यक छ । तसर्थ बेमौसमी खेतीको घट्दो अवस्थालाई समयमै सुधार्न उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने, संकलन केन्द्र तथा चिस्यान भण्डार निर्माण गर्ने र बजार व्यवस्थापनलाई प्रभावकारी बनाउनेतर्फ विशेष ध्यान दिनुपर्छ ।


## बाढी/पहिरोबाट सतर्क रहौं ।

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।

– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।

– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।

– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।

– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।

– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# 'पुनर्भरण र दोहनबीचको असन्तुलनले मधेसमा पानीको अभाव'

काठमाडौं, १९ साउन (रासस) ।

जल भण्डारको भरपर्दो र व्यावहारिक स्रोतका रूपमा रहेको भूमिगत जलको अत्यधिक दोहन बढ्दै जाँदा मधेस प्रदेशमा पानीको उपलब्धता घट्दै गएको संसदीय समितिको अध्ययनले ठहर गरेको छ ।

राष्ट्रियसभाको सोमबारको बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कृष्णप्रसाद पौडेलले 'मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा जलस्रोत व्यवस्थापनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३' प्रस्तुत गर्दै भूमिगत जल अनुगमनका तथ्याङ्क तथा समुदायको अवलोकनबाट औसत रूपमा भूमिगत जलसतह करिब दुई मिटरदेखि तीन मिटरले घटेको देखिएको जानकारी दिनुभयो ।

"यही कारणले मधेस प्रदेशभरि रहेको सतही हाते पम्प, इनार तथा ट्युबवेलबाट पानी आउन छाडेको छ । खानेपानी आपूर्ति र कृषि उत्पादन दुवै क्षेत्रमा गम्भीर असर परेको देखिन्छ", उहाँले भन्नुभयो ।

मधेस प्रदेशका आठवटै जिल्लालाई समेटेर गरिएको सो अध्ययनले मधेसका पश्चिमी तथा मध्य भागका जिल्लामा भूमिगत जलस्तर तीन मिटरभन्दा बढी घटेको र हाते पम्पको सक्सन सीमा सतहबाट करिब सातदेखि आठ मिटरभन्दा तल झरेकाले करिब ६० प्रतिशतभन्दा बढी हाते पम्पबाट पानी आउन छाडेको अध्ययनका क्रममा पाइएको सभापति पौडेलले जानकारी दिनुभयो ।

"धनुषाको हंसपुरलगायत स्थानमा करिब ९० प्रतिशतसम्म हाते पम्पबाट पानी आउन छाडेको अवस्था छ । खानेपानी आपूर्तिलगायत स्वास्थ्य संस्था, विद्यालय तथा स्थानीय जीविकोपार्जन प्रणालीमा समेत व्यापक र गम्भीर नकारात्मक असर परेको देखिन्छ", उहाँले भन्नुभयो ।

पानी पुनर्भरणमा भएको ढिलाइका कारण गहिरा जलभृतले पनि उल्लेखनीय चापको सामना गर्नुपरेको देखिएको सभापति पौडेलले जानकारी दिनुभयो । "लामो समयसम्म पर्याप्त रूपमा पुनर्भरण नहुँदा केवल माथिल्लो तह मात्र होइन, सम्पूर्ण जलभित्र प्रणाली नै प्रभावित भइरहेको अवस्था छ", उहाँले भन्नुभयो ।

समितिको अध्ययनअनुसार सन् २०२५ को खडेरीका कारण देशभरि भूमिगत जल भण्डारणमा अनुमानित तीन हजार ६७५ मिलियन घनमिटर कमी आएको छ । यो परिमाण खडेरी भएको वर्षमा भएको पुनर्भरण (करिब ३०० मिलियन घनमिटर) भन्दा धेरै बढी हो र दीर्घकालीन औसत पुनर्भरणभन्दा पनि उच्च रहेको देखिन्छ ।

"यो सङ्कट केवल एक पटकको मौसममा आएको परिवर्तनले मात्र भएको होइन, बरु पुनर्भरण र दोहनबीच देखिएको प्रणालीगत असन्तुलनका कारणले हो भन्ने विभिन्न तथ्य र तथ्याङ्कले पुष्टि गरिसकेको छ", सभापति पौडेलले भन्नुभयो ।

चुरे भावर क्षेत्रले मधेसको भूमिगत जल प्रणालीको पुनर्भरणमा एउटा मेरुदण्डको काम गर्ने उल्लेख गर्दै उहाँले चुरे क्षेत्रमा पुनर्भरण प्रक्रियाको संरक्षण, सम्वर्द्धन, पुनर्भरण स्थापना गर्नु नै मधेसको दीर्घकालीन भूमिगत जल उत्थानशीलताको सबैभन्दा प्रभावकारी उपाय हुने बताउनुभयो ।

सभापति पौडेलले मधेसमा बारम्बार दोहोरिने जल सङ्कटको प्रतिक्रियामुखी अवस्थाबाट जलवायु अनुकूलन, जल सुरक्षातर्फ रूपान्तरण गर्न स्पष्ट नीति र योजना तर्जुमा गर्नु तथा निरन्तर रूपमा पानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा स्रोत सुनिश्चित गर्नु आजको अपरिहार्यता भएको बताउनुभयो ।

समितिको २०८३ असार २९ गतेको बैठकले सो अध्ययन प्रतिवेदन पारित गरेको थियो । तत्कालीन खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमितिका संयोजक उर्मिला अर्यालको संयोजकत्वको समितिले उक्त अध्ययन गरेको हो ।

पछिल्ला दुई/तीन वर्षयता मधेसमा कम वर्षा हुँदा त्यसबाट खानेपानी र सिँचाइको चरम अभाव हुँदै गएको जनाउँदै २०८२ असार २६ गते मधेस प्रदेश सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । सङ्घीय सरकारले समेत २०८२ साउन ८ गते मधेश प्रदेशभर तीन महिना अवधिका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो ।

मधेस प्रदेशमा खानेपानी, सरसफाइ तथा स्वच्छताको सम्बन्धमा देखापरेका समस्या समाधानका लागि अध्ययन गर्न समितिले २०८२ साउन १५ गते खानेपानी, सरसफाइ तथा स्वच्छता उपसमिति गठन गरेको थियो । उपसमितिले स्थलगत अध्ययन गरी समितिसमक्ष प्रारम्भिक प्रतिवेदन पेस गरेको थियो ।

# महिला सांसद डिजिटल हिंसामा : सामाजिक सञ्जाल नियमन गर्न जोड

**मधु शाही**

काठमाडौं, १९ साउन (रासस) ।

"त्यो दिन मैले धार्मिक सहिष्णुताको विषयमा सदनमा आफ्नो विचार मात्रै राखेकी थिएँ । केही समयपछि सामाजिक सञ्जाल फेसबुक हेर्दा मेरो चरित्रहत्या हुनेगरी प्रतिक्रिया (कमेन्ट) आए । ती परिवारले समेत हेर्न नमिल्ने कमेन्ट थिए । हामी महिला सांसद नै डिजिटल हिंसाको खुलेयाम सिकार भएका छौं, अरु आममहिलाको अवस्था के होला ?", प्रतिनिधिसभाका सांसद पार्वती विकले भन्नुभयो । सामाजिक सञ्जालमार्फत आफू हिंसामा परेको विषयमा बोलिरहँदा अरु महिला सांसदसमेत हिंसाबाट अछुतो नरहेका उहाँले बताउनुभयो ।

प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको सोमबारको बैठकमा अधिकांश महिला सांसदले डिजिटल हिंसामा परेको र त्यसले मानसिक एवं सामाजिक रूपमा आफूलाई पीडित बनाएको बताउनुभयो ।

सांसद टीका सङ्ग्रौलाले आफू अभियन्ता भएदेखि सांसदसम्मको यात्रा पार गर्दा धेरै पटक साइबर ब्युरो धाउनु परेको पीडा पोख्नुभयो । उहाँले महिला नेतृत्व सबैभन्दा बढी 'साइबर बुलिङ' (इन्टरनेट, सामाजिक सञ्जाल वा डिजिटल माध्यमको प्रयोग गरेर कसैलाई निरन्तर रूपमा अपमान, बदनाम वा मानसिक पीडा दिने काम) को सिकार हुनुपरेको बताउनुभयो । "सांसदको अवस्था यस्तो छ, दुरदराजमा रहेका, पिछडिएका महिलाले न्याय पाउने कुरा झनै जटिल छ", उहाँले भन्नुभयो ।

सांसद सङ्ग्रौलाले कानुन भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको धारणा राख्नुभयो । महिलाको चरित्रहत्या हुने जस्ता विषयमा उजुरी परे पनि भोलिपल्ट मुक्त हुने स्थितिसमेत देखेको बताउँदै उहाँले महिला न्याय केन्द्रित कानुन प्रणाली आवश्यक रहेकामा जोड दिनुभयो । "चरित्रहत्या गर्नेलाई कारबाही हुनुपर्छ तत्काल छाडिनुहुँदैन", उहाँले भन्नुभयो ।

सांसद एशुदाकुमारी बरालले आफू धेरै पटक साइबर बुलिङमा परेको सुनाउनुभयो । झण्डै ९० प्रतिशत महिला नेतृत्व साइबर बुलिङबाट पीडित भइरहेका जनाउँदै उहाँले सामाजिक सञ्जाल फेसबुकको तुरुन्तै नियमन गर्नुपर्नेमा जोड दिनुभयो । राजनीतिक हिंसासमेत सामाजिक सञ्जालमार्फत हुँदै आएको बताउँदै उहाँले भन्नुभयो, "सामाजिक सञ्जाल फेसबुक सञ्चालकका लागि औपचारिक दर्ता आवश्यक छ ।"

बैठकमा रीना उप्रेती केसी, टुकाभद्र हमाल, रीमा विश्वकर्मा, ललिताकुमारी, ठाकुरसिंह थारुलगायत सांसदले सामाजिक सञ्जालको नियमन गर्ने र साइबर ब्युरोलाई प्रभावकारी बनाउनुपर्ने धारणा राख्नुभएको थियो ।

साइबर ब्युरोको तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८२/८३ मा २० हजार ५२६, आव २०८१/८२ मा १८ हजार ९२६, आव २०८०/८१ मा १९ हजार ७३०, आव २०७९/८० मा नौ हजार १३ र आव २०७८/७९ मा चार हजार ६८६ वटा उजुरी परेका छन् ।

त्यस्तै, आव २०८२/८३ को तथ्याङ्क हेर्दा बालक २७५ जना र बालिका ४०४ जना डिजिटल हिंसामा परेका छन् । डिजिटल हिंसामा बालकभन्दा बालिका ४६ दशमलव नौ प्रतिशतले बढी हिंसामा पर्ने गरेका नेपाल प्रहरीले जनाएको छ । आव २०८२/८३ मा आठ हजार ७२६ महिला र १० हजार १८४ जना पुरुषले उजुरी दिएका छन् । आव २०८१/८२ मा सात हजार ९२१ महिला र नौ हजार ७८७ पुरुषले उजुरी दिएका छन् भने २०८०/८१ मा उजुरी दिनेको सङ्ख्या बढेर महिला आठ हजार ७४५ र पुरुष नौ हजार ५८३ जनाले उजुरी दिएका छन् ।

साइबर ब्युरोको तथ्याङ्कअनुसार सामाजिक सञ्जालको दुरुपयोग (उजुरी सङ्ख्या) गरी सबैभन्दा बढी मुद्दा १४२ दशमलव २० प्रतिशत मुद्दा बुलिङ र हिंसाका छन् । 'फेक आइडी' बनाएर गरिने हिंसा र ठगीको प्रतिशत ५६ दशमलव शून्य आठ प्रतिशत रहेको साइबर ब्युरोको तथ्याङ्कले देखाएको छ ।

सबैभन्दा बढी घटना सामाजिक सञ्जाल फेसबुक र टिकटकमा हुने गरेका छन् । फेसबुक/म्यासेन्जर प्रयोग गरी सबैभन्दा बढी घटना घटेका छन् । "हालसम्म सात हजार २१८ वटा घटना फेसबुक र म्यासेन्जरको प्रयोगबाट भएका छन् । दोस्रोमा टिकटक प्लेटफर्म प्रयोग गरेर भएका घटनामा छ हजार ९४६, ह्वाट्स एपमा तीन हजार ३७१ र टेलिग्राम ८५३ रहेका छन्", साइबर ब्युरोको तथ्याङ्कमा उल्लेख छ ।

विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम सामाजिक वा विद्युतीय उपकरणको प्रयोगबाट गरिने हिंसाका लागि रु दुई लाखसम्म जरिवाना र पाँच वर्षसम्म कैद हुने व्यवस्था छ । नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले पछिल्लो समय प्रविधिको आधुनिक प्रयोगसँगै डिजिटल हिंसाको सङ्ख्या बढ्दै गएको र साइबर अपराध नियन्त्रण गर्न प्रयाप्त स्रोतसाधानको आवश्यकता रहेको बताउनुभयो ।

उहाँले साइबर ब्युरोमा थप जनशक्तिको आवश्यकता, प्रदेशस्तरमा 'सेटलाइट युनिट'को विस्तार गर्नुपर्ने, साइबरसँग सम्बन्धित ऐन र कानुन ल्याउने, सामाजिक सञ्जाल नियमनमा जोड दिने, गोपनीयतासम्बन्धी प्रभावकारी कानुन ल्याउनुपर्ने र डिजिटल फरेन्सिक चुनौतीको समाधान खोज्नुपर्ने बताउनुभयो ।

# राजारानी हाइकिङ : प्राकृतिक ज्ञान, अनुभव र प्रेरणाका लागि खुला पाठशाला

**मोहम्मद सदरुल**
विराटनगर, १९ साउन (रासस)।
'हाइकिङ' भन्नासाथ अलिकति उकाले चढ्ने, नयाँ ठाउँ घुमफिर गर्ने, साथीभाइसँग रमाइलो गर्ने अनि तस्बिर खिच्ने कुराको झ्वाट्ट कल्पना आउँछ। तर कहिलेकाहीँ यात्रा केवल भ्रमणमा मात्र सीमित नरही जीवनभर सम्झिरहने अनुभव बन्न सक्छ। जहाँका प्रत्येक पाइला ज्ञानसँग जोडिन्छ, त्यहाँका दृश्यले प्रकृति प्रतिको प्रेम जगाउँछ। त्यस क्रममा प्राप्त जानकारीले समाज, संस्कृति तथा इतिहासलाई नजिकबाट बुझ्ने अवसर दिलाउँछ।

विराटनगर-५ स्थित एभरेष्ट स्कुलका कक्षा १२ का विद्यार्थीका लागि शनिबारको दिन यस्तै अविस्मरणीय बन्यो। विद्यालयले आयोजना गरेको हाइकिङ टोली मोरङको लेटाङ नगरपालिका-१ स्थित प्राकृतिक तथा ऐतिहासिक महत्त्व बोकेको राजारानी क्षेत्रमा पुग्यो। त्यो यात्रा केवल पहाड चढ्ने वा ताल हेर्नमा मात्र सिमित भएन, प्रकृति, इतिहास, जैविक विविधता, धार्मिक सद्भाव र स्थानीय संस्कृतिको साक्षात्कार गराउने जीवन्त पाठशाला बन्यो।

बिहानै लेटाङ-२ को किराँत चोकबाट सुरु भएको पदयात्रा चुरे पहाडतर्फ सोझियो। करिब डेढ घण्टाको उकालो चढ्ने क्रममा शरीर पसिनाले निथ्रुक्क भिज्यो अनि खुट्टा पनि थाके, तर मन भने उत्साहले भरिएकै थियो। हरियाली जङ्गल, चराको चिरबिर, चिसो हावा र बाटोभरि फैलिएको प्राकृतिक सुन्दरताले यात्राको थकानलाई बिस्तारै बिर्साइरहेको थियो।

राजारानी ताल पुग्ने बित्तिकै विद्यार्थीहरूको अनुहारमा देखिएको उत्साहले त्यो यात्राको वास्तविक अर्थ झल्काइरहेको थियो। तालको शान्त वातावरण, वरिपरिको घना वन, हरियालीले ढाकिएका डाँडाहरू र प्रकृतिको अनुपम सौन्दर्यले सबैलाई रोमाञ्चित बनायो। त्यहाँ रहेका पानी सिमालीका रूख राजारानी क्षेत्रको अर्को आकर्षण थियो। ती रूखमा झुम्मिएका ४६ प्रजातिका सुनाखरीले विद्यार्थीलाई निकै रोमाञ्चित बनायो। पुस्तकमा मात्र पढेका जैविक विविधता र वनस्पतिको संसारलाई आफ्नै आँखाले देख्ने अवसर पाउँदा सबैमा उत्साह थपियो।

त्यहाँ पुगेपछि छात्राछात्रले केवल वनस्पति मात्र देखेनन्, प्रकृतिको सन्तुलन, जैविक विविधताको महत्व र संरक्षणको आवश्यकता पनि बुझ्ने मौका पाए। प्रकृतिले आफैं सञ्चालन गरिरहेको विशाल प्रयोगशालामा पुगेजस्तो अनुभूति भएको विद्यार्थीले बताए।

राजारानी सामुदायिक वनका अध्यक्ष सुजन मगरले त्यस क्षेत्रको इतिहासबारे जानकारी गराउँदा विद्यार्थी गम्भीर अनि लठ्ठै भएर सुनिरहे। राजारानीलाई अजिङ्गरको राजधानी मानिने, धिमाल समुदायको उद्गमस्थलका रूपमा लिइने तथा त्यस क्षेत्रको ऐतिहासिक र सांस्कृतिक महत्वबारे जानकारी दिँदा विद्यार्थीले पुस्तकबाहिरको इतिहाससँग साक्षात्कार गर्ने अवसर पाए।

विद्यार्थी निश्चल न्यौपानेले भन्नुभयो, "हामी हाइकिङ भनेर आएका थियौँ, तर यहाँ आएपछि यो त खुला विश्वविद्यालयजस्तै लाग्यो। प्रकृति, इतिहास र वातावरणबारे यति धेरै कुरा सिक्न पाइयो कि यो यात्रा कहिल्यै बिर्सन सक्दिनँ।"

उहाँका अनुसार उकालो चढ्दाको थकान राजारानीको मनोरम दृश्यले एकैछिनमा हराइदियो। 'कम्तीमा जीवनमा एकपटक त यहाँ आउनैपर्छ भन्ने महसुस भयो", उहाँले भन्नुभयो।

राजारानी भ्रमणको अर्को विशेष आकर्षण बन्यो लेटाङ नगरपालिकाले निर्माण गरेको अन्तर-धार्मिक पार्क। हिन्दू, बौद्ध, किराँत, इस्लाम र इसाई धर्मबीच सद्भाव र सहअस्तित्वको सन्देश दिने उद्देश्यले निर्माण गरिएको पार्कले विद्यार्थी, शिक्षक र सहभागी सबैको ध्यान तान्यो।

पत्रकार पुष्पराज थपलियाका अनुसार यो पार्क केवल धार्मिक संरचना होइन, नेपाली समाजको विविधताभित्रको एकताको सशक्त प्रतीक हो। "नेपाल अनेक जातजाति, भाषा र धर्मको साझा घर हो। यस्ता संरचनाले हामी सबैलाई एउटै सूत्रमा बाँध्ने प्रेरणा दिन्छ", उहाँले भन्नुभयो।

भ्रमणको अर्को उल्लेखनीय पक्ष थियो स्थानीय सरकारको सहभागिता। लेटाङ नगरपालिकाका प्रमुख भूपेन्द्र लावती र उपप्रमुख कृष्णकुमारी निरौला त्यस क्षेत्रमा उपस्थित भएर विद्यार्थीलाई स्वागत गर्नुभयो। उहाँहरुले राजारानी क्षेत्रको प्राकृतिक, जैविक, ऐतिहासिक तथा पर्यटन महत्वबारे विस्तृत जानकारी गराउनुभयो।

शिक्षक रिषभ पाण्डेले भन्नुभयो, "स्थानीय जनप्रतिनिधि स्वयं उपस्थित भएर त्यस क्षेत्रबारे जानकारी दिनु अत्यन्त प्रेरणादायी थियो।"

भ्रमणले साथीभाइ र शिक्षक-विद्यार्थीबीचको सम्बन्धलाई पनि अझ प्रगाढ बनाएको विद्यार्थी प्रमन ढकालको बुझाइ रह्यो। उहाँका अनुसार कक्षाकोठामा सीमित सम्बन्धभन्दा बाहिर निस्किएर सबैसँग घुलमिल हुने, एकअर्कालाई बुझ्ने अवसर यो यात्राले प्रदान गर्‍यो।

विद्यालयका प्रिन्सिपल टिकाराम पुरीले एभरेष्ट स्कुलले शैक्षिक भ्रमणलाई मनोरञ्जनमा मात्र सीमित नराखी सिकाइसँग जोड्ने प्रयास गर्दै आएको बताउनुभयो।

उहाँले लेटाङ नगरपालिकाले देखाएको आत्मीयता र सम्मानले आफूहरू अत्यन्त उत्साहित बनेको समेत बताउनुभयो। राजारानी क्षेत्रको प्रचारप्रसार, व्यवस्थित पूर्वाधार र निर्माणाधीन सडक समयमै सम्पन्न हुन सके यस क्षेत्रले पर्यटनमा ठूलो फड्को मार्ने उहाँको विश्वास छ।

अन्तरधार्मिक पार्कको चर्चा गर्दै उहाँले भन्नुभयो, "नेपाल विविधताको देश हो। सबै धर्म र संस्कृतिलाई सम्मान गर्दै एकताको सन्देश दिने यस्तो पार्क वास्तवमै दूरदृष्टिको उदाहरण हो। नयाँ पुस्ताले यस्ता स्थानबाट धेरै सिक्न सक्छ।"

नगरप्रमुख भूपेन्द्र लावतीले राजारानी क्षेत्र साइबेरियाबाट आउने चराको विश्रामस्थल भएको तथा मयुर, अजिङ्गर, सुनाखरी तथा दुर्लभ वनस्पतिका कारण विभिन्न देशबाट अनुसन्धान टोली आउने गरेको बताउनुभयो। उहाँका अनुसार जैविक विविधता, वनस्पति र वातावरणीय अध्ययनका लागि राजारानी अन्तरराष्ट्रिय महत्वको गन्तव्य बन्दै गएको छ।

दिगो शान्ति र धार्मिक सद्भाव कायम गर्ने उद्देश्यले अन्तरधार्मिक पार्कमा सबै धर्मका गुरुहरूको सहभागितामा नियमित कार्यक्रम सञ्चालन गर्ने योजना रहेको जानकारी दिइयो। हिन्दू, बौद्ध, इसाई, इस्लाम र किराँत धर्मका प्रतिनिधिहरूलाई एउटै मञ्चमा ल्याएर शान्ति, सहिष्णुता र सहअस्तित्वको सन्देश फैलाउने प्रयास नेपालकै लागि नौलो अभ्यास हुनेछ।

उपप्रमुख कृष्णकुमारी निरौलाले लेटाङ केवल प्राकृतिक सुन्दरताको भूमि मात्र नभई सुन्तला, कफी र चिया उत्पादनका लागि पनि परिचित रहेको बताउनुभयो। समला डाँडा, झर्ना, राजारानी ताल र चुरे क्षेत्रले लेटाङलाई पूर्वी नेपालको आकर्षक पर्यटकीय गन्तव्य बनाएको उहाँको भनाइ छ।

राजारानीको हाइकिङले विद्यार्थीलाई दिएका एउटा महत्त्वपूर्ण सन्देश भनेको सिकाइको केवल कक्षाकोठाको चार पर्खालभित्र सीमित हुँदैन। प्रकृतिको काखमा पुगेर इतिहास सुन्न सकिन्छ, जैविक विविधता बुझ्न सकिन्छ, सामाजिक सद्भावको महत्व महसुस गर्न सकिन्छ र स्थानीय समुदायसँग जोडिँदा वास्तविक शिक्षाको अनुभूति गर्न सकिन्छ।

एभरेष्ट स्कुलको त्यो हाइकिङले गुणस्तरीय शिक्षाको विकास र विस्तारका लागि सही योजना छनौट, स्थानीय समुदायको सहकार्य र सिकाइमुखी दृष्टिकोण भए एउटा साधारण भ्रमण पनि जीवनभर सम्झिने अनुभव बन्न सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ।

त्यस हाइकिङले विद्यार्थीलाई प्रकृतिसँग संवाद गर्ने, इतिहाससँग परिचित हुने, विविधतामा एकताको सन्देश बुझ्ने र जीवनका नयाँ पाठ सिक्ने अविस्मरणीय यात्राकारुपमा युगौँसम्म स्मरण गराउनेछ।

त्यस भ्रमणले राजारानी क्षेत्रलाई केवल एउटा पर्यटकीय गन्तव्य मात्र नभइ, ज्ञान, अनुभव र प्रेरणाको खुला पाठशालाका परिचय गराएको छ।

# करदाता प्रोत्साहन उपहार कार्यक्रम : १५ दिनमा १० लाखभन्दा बढी योग्य कारोबार

काठमाडौँ, १९ साउन (रासस)।
करदाता उपहार प्रोत्साहन कार्यक्रमका लागि योग्य कारोबार सङ्ख्या सोमबार ११ लाख नजिक पुगेको छ। आन्तरिक राजस्व विभागका अनुसार सोमबार दिउँसोसम्म यस्तो उपभोक्ता कारोबार सङ्ख्या १० लाख ८२ हजार ६२२ पुगेको हो।

यसमा क्युआरबाट गरिएको कारोबार र नगद कारोबार गरी प्रविष्ट (अपलोड) गरिएको बिल सङ्ख्यासमेत समावेश छन्। उपहार घोषणा हुनुअघिसम्म नगद कारोबारमा उपभोक्ताले प्राप्त गरेको भौतिक बिजक अझै पनि पठाउन सकिने भएकाले यो सङ्ख्या बढ्ने अनुमान विभागले गरेको छ। विभागका सूचना अधिकारी केशव रघुवंशीका अनुसार साउन १ गतेदेखि साउन १५ गतेसम्म क्युआरबाट कारोबार गरेका १० लाख ७४ हजार ७९६ कारोबार उपहार कार्यक्रमका लागि योग्य छन्।

यस्तै, शनिबारदेखि खुला गरिएको भौतिक बिल अपलोड गर्ने सुविधामा पनि उल्लेख्य मात्रामा उपभोक्ताहरू सहभागी छन्। "सोमबार मध्याह्नसम्म उपहारका लागि कूल १० लाख ८२ हजार ६२२ वटा कारोबार र बिल योग्य देखिएका छन्", उहाँले भन्नुभयो, "जसमा क्युआरबाट कारोबार गरेका १० लाख ७४ हजार ७९६ छन् भने नगद कारोबार गरेर प्राप्त बिल पेस गरिएको सङ्ख्या तीन हजार ४२७ रहेको छ।"

विभागले पहिलो १५ दिन (साउन १ देखि १५ गतेसम्म) मा १५ जनालाई दैनिक रु एक/एक लाख र एक जनालाई बम्परमा रु १० लाख पुरस्कार दिने गरी छिट्टै उपहार घोषणा गर्दै छ। पहिलो प्रोत्साहन कार्यक्रम साउन १६ गते सार्वजनिक गर्ने घोषणा गरिए पनि प्राविधिक तयारी नपुगेकाले केही ढिलाइ भएको विभागले जनाएको छ।

विभागले पहिलो प्रोत्साहन

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# हर्मुजमा कार्गो जहाजमाथी आक्रमण

कायरो, १९ साउन (रासस/एपी)।
अमेरिका र इरानबीच वार्ता भइरहेको वा नभइरहेको विषयमा परस्परविरोधी दाबी भइरहेका बेला हर्मुज जलघाँटीमा एक कार्गो जहाज अज्ञात प्रक्षेप्यास्त्रबाट आक्रमणमा परेको रिपोर्ट सार्वजनिक भएको छ। घटनाले विश्वकै प्रमुख ऊर्जा व्यापार मार्ग मानिने जलघाँटीको सुरक्षा र अमेरिका-इरान तनावप्रति नयाँ चिन्ता थपेको छ।

बेलायतको समुद्री सुरक्षा निकाय युनाइटेड किङ्डम मेरिटाइम ट्रेड अपरेसन्स (युकेएमटीओ) का अनुसार ओमानको अल खसाबबाट करिब ३७ किलोमिटर उत्तरपूर्वमा रहेको कार्गो जहाजलाई स्थानीय समयअनुसार राति करिब २ बजे अज्ञात प्रक्षेप्यास्त्रले प्रहार गरेको थियो। निकायले जहाजको नाम, झण्डा वा त्यसले बोकेको सामानबारे कुनै विवरण सार्वजनिक गरेको छैन।

अल खसाब पर्सियन खाडीको प्रवेशद्वार मानिने हर्मुज जलघाँटी नजिक अवस्थित छ। विश्वको ठूलो परिमाणमा तेल तथा प्राकृतिक ग्यास यही मार्गबाट ओसारपसार हुने भएकाले यो जलमार्ग रणनीतिक रूपमा अत्यन्त संवेदनशील मानिन्छ।

फेब्रुअरीमा अमेरिका-इरान युद्ध सुरु भएयता इरानले जलमार्ग हुँदै हुने जहाज आवतजावतमा अवरोध पुऱ्याउँदै आएको छ भने अमेरिकाले पनि इरानी बन्दरगाहमाथि नाकाबन्दी कायम राखेको छ। त्यसका कारण अन्तर्राष्ट्रिय समुद्री व्यापार प्रभावित हुँदै आएको छ।

यसैबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार इरानसँग युद्ध अन्त्यका लागि वार्ता पुनः सुरु भएको दाबी गर्नुभयो। उहाँका अनुसार कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्सको आग्रहपछि अमेरिका कूटनीतिक प्रयासलाई निरन्तरता दिन तयार भएको हो। ट्रम्पले इरानले सार्वजनिक रूपमा अस्वीकार गरे पनि दुवै पक्षबीच संवाद जारी रहेको बताउनुभयो।

तर इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले अमेरिकासँग कुनै वार्ता नरहेको स्पष्ट पार्दै तेहरानको संवाद केवल ओमानसँग भइरहेको र त्यसको केन्द्र हर्मुज जलघाँटीमा सुरक्षित जलयात्राको व्यवस्था रहेको बताउनुभयो।

ट्रम्पले भने इरानले वार्ताको पहल आफैं गरेको दाबी गर्दै सामाजिक सञ्जालमार्फत तेहरानको सार्वजनिक अभिव्यक्तिलाई विरोधाभासपूर्ण भएको टिप्पणी गर्नुभयो। उहाँले इरानले एकातिर वार्ताका लागि आग्रह गर्ने र अर्कोतर्फ कुनै छलफल नभएको दाबी गर्ने प्रवृत्तिले भ्रम सिर्जना गरेको आरोप लगाउनुभयो।

# बङ्गलादेशमा बेपत्ता पार्नेलाई मृत्युदण्डको प्रस्ताव

ढाका, १९ साउन (रासस/एएफपी)।
बङ्गलादेश सरकारले बलपूर्वक बेपत्ता पार्ने घटनामा संलग्न व्यक्तिलाई मृत्युदण्डसम्मको सजाय दिने कानुनी व्यवस्था प्रस्ताव गरेको छ। पदच्युत प्रधानमन्त्री शेख हसिनाको शासनकालमा एक हजार पाँच सयभन्दा बढी जबर्जस्ती बेपत्ता पारिएका घटनाको आधिकारिक अनुसन्धानपछि सरकारले यस्तो विधेयक अघि बढाएको हो।

सन् २०२४ को जनविद्रोहपछि सत्ता परिवर्तन भएपछि गठन गरिएको अनुसन्धान आयोगले शेख हसिनाको १७ वर्षे शासनकालमा कम्तीमा एक हजार ५६९ जना बलपूर्वक बेपत्ता पारिएका घटनाको अभिलेख तयार गरेको थियो। आयोगका अनुसार तीमध्ये २५१ जना अझै बेपत्ता छन् र उनीहरूलाई मृत मानिएको छ।

सरकारले तयार गरेको 'बलपूर्वक बेपत्ता पार्ने कार्य रोकथाम तथा उपचार ऐन' सम्बन्धी विधेयक संसद्बाट पारित हुन बाँकी छ। मन्त्रिपरिषद्ले सोमबार राति स्वीकृत गरेको मस्यौदाअनुसार बलपूर्वक बेपत्ता पार्ने घटनामा पीडितको मृत्यु भए दोषीलाई मृत्युदण्डसम्मको सजाय दिन सकिने व्यवस्था प्रस्ताव गरिएको छ।

प्रस्तावित कानूनमा पीडित परिवारलाई दोषी ठहर भएका व्यक्तिको सम्पत्तिबाट क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था पनि समावेश गरिएको छ।

शेख हसिनामाथि आफ्नो शासनकालमा असहमति दबाउन सुरक्षा निकायको प्रयोग गरेको आरोप लाग्दै आएको छ। विशेषगरी उहाँका राजनीतिक प्रतिद्वन्द्वी बङ्गलादेश नेसनलिस्ट पार्टी (बीएनपी) र जमात-ए-इस्लामीसँग आबद्ध व्यक्तिहरूलाई पक्राउ गरी बेपत्ता पारिएको आरोप अनुसन्धान आयोगले उल्लेख गरेको छ।

सन् २०२६ को फेब्रुअरीमा सम्पन्न निर्वाचनपछि प्रधानमन्त्री बन्नुभएका तारिक रहमानले हसिना शासनकालमा देखिएको राज्य समर्थित हिंसा अन्त्य गर्ने प्रतिबद्धता जनाउनुभएको थियो।

अधिकारवादी संस्थाहरूले भने शेख हसिना सत्ताच्युत भए पनि राजनीतिक प्रतिस्पर्धा, कमजोर कानून कार्यान्वयन र दण्डहीनताको संस्कृतिका कारण बङ्गलादेशमा हिंसाका घटना अझै चुनौतीका रूपमा रहेको बताएका छन्।

अठहत्तर वर्षीया शेख हसिना हाल भारतमा निर्वासनमा रहनुभएको छ। उहाँलाई सन् २०२५ मा ढाकाको एक अदालतले मानवताविरुद्धको अपराधमा अनुपस्थितिमै दोषी ठहर गर्दै मृत्युदण्डको फैसला सुनाएको थियो। हसिनाले भने गत साता आफू यही वर्ष स्वदेश फर्कने योजनामा रहेको बताउनुभएको थियो।

# पुष्टि भएका तथ्य मात्र सम्प्रेषण गर्न प्रहरीको अनुरोध

पर्सा, १९ साउन (रासस)।

जिल्ला प्रहरी कार्यालय पर्साले बालबालिकाविरुद्ध कसुर सम्बन्धमा स्रोतबाट पुष्टि भएका तथ्य मात्र प्रकाशन/प्रसारण गर्न अनुरोध गरेको छ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक तथा प्रवक्ता चक्रबहादुर मल्लले सोमबार ध्यानाकर्षण गराउँदै सबै सञ्चारमाध्यमलाई आधिकारिक स्रोतबाट पुष्टि भएका तथ्यमात्र प्रकाशनप्रसारण गर्न आग्रह गर्नुभयो। उहाँले अनुसन्धान सम्पन्न नभएसम्म अपुष्ट र भ्रामक सामग्री सम्प्रेषण नगर्न ध्यानाकर्षण गराउनुभयो।

यही साउन ९ गते वीरगञ्ज महानगरपालिका-१३ राधेमाई टोलस्थित एक बालिकालाई बालबालिकाविरुद्ध कसुर भएको भनी जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता भएको थियो।

उक्त जाहेरी प्राप्त भएलगत्तै प्रहरी टोली परिचालित निखिलसिंह राजपुतलाई नियन्त्रणमा लिएको थियो। राजपुतलाई बालबालिकाविरुद्धको कसुरमा प्रचलित कानुनबमोजिम अनुसन्धान भइरहेको छ।

अनुसन्धानका स्थापित सिद्धान्त तथा प्रमाणका आधारमा निष्पक्ष, स्वतन्त्र र गोपनीय रूपमा अनुसन्धान भइरहेको विषयमा अनुमान, अपुष्ट सूचना वा एकपक्षीय आधारमा प्रकाशित समाचारले अनुसन्धान प्रक्रियामा प्रतिकूल प्रभाव पार्नसक्ने प्रहरीको भनाइ छ।

यस्ता क्रियाकलापबाट सम्बन्धित पक्षको अधिकारमा असर पर्न सक्ने तथा सर्वसाधारणमा भ्रम सिर्जना गर्नसक्ने उल्लेख गर्दै प्रवक्ता मल्लले यी कार्यप्रति गम्भीर चासो व्यक्त गर्नुभएको छ।

उहाँले भन्नुभयो, "प्रहरी निष्पक्ष, पारदर्शी र कानुनसम्मत अनुसन्धान प्रति पूर्ण प्रतिबद्ध छ। अनुसन्धान सम्पन्न भएपछि कानुनबमोजिम सार्वजनिक गर्न मिल्ने विवरण आधिकारिक रूपमा जानकारी गराइन्छ।"

# 'डिजिटल हिंसा नियन्त्रण गर्न सबैको सहकार्य आवश्यक'

काठमाडौं, १९ साउन (रासस)।

महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता वादीले महिला, बालबालिकामाथि हुने डिजिटल हिंसा नियन्त्रण गर्न सबैको सहकार्य आवश्यक रहेको बताउनुभएको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिमा सोमबार सामाजिक सञ्जालको अवस्थाबारे भएको छलफलमा मन्त्री वादीले सामाजिक सञ्जालको नियमन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले बालबालिका र महिला सबैभन्दा बढी डिजिटल हिंसामा पीडित भएका उल्लेख गर्दै साइबर ब्युरोलाई उजुरी प्रणाली सहज र प्रभावकारी बनाउन निर्देशनसमेत दिनुभयो।

समितिका सभापति आकृति अवस्थीले पछिल्लो समय डिजिटल हिंसा बढ्दो अवस्थामा रहेकाले साइबर सुरक्षाको दृष्टिलाई ध्यानमा राख्दै एकीकृत डिजिटल हिंसासम्बन्धी कानुन निर्माण गर्न आग्रह गर्नुभयो। सामाजिक सञ्जालको अवस्थाबारे गरिएको छलफल पश्चात सभापति अवस्थीले भन्नुभयो, "डिजिटल हिंसाको अवस्था भयावह हुँदै गएको छ। यस्तो अवस्थामा एउटा एकीकृत कानुन आवश्यक छ।" उहाँले कानुन मन्त्रालय, महिला मन्त्रालयलगायत सम्बन्धी मन्त्रालयहरुलाई उक्त सुझाव दिनुभएको हो।

गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठले साइबर सुरक्षा प्रणालीलाई प्रभावकारी बनाउनुका साथै डिजिटल साक्षरता समेत बढाउनु पर्ने धारणा राख्नुभयो। बैठकमा साइबर ब्युरोको प्रतिवेदनसमेत पेस गरिएको थियो।

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले साइबर सुरक्षाको अवस्था जटिल बन्दै गएको बताउनुभयो। उहाँले साइबर अपराधको उजुरीलाई तत्काल सम्बोधन गर्न पर्याप्त स्रोतसाधान, जनशक्तिको व्यवस्था र ब्युरो चुस्त दुरुस्त बनाउनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "साइबर क्राइम न्यूनीकरण गर्न समय सापेक्षको कानुन निर्माण, प्रहरी संयन्त्र बलियो बनाउनुको साथै नागरिकस्तरको जनचेतना वृद्धि गर्नुपर्छ।"

# दश प्रतिशत निःशुल्क स्वास्थ्य सेवा कार्यान्वयनमा मन्त्रालयको जोड

काठमाडौं, १९ साउन (रासस)।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवा प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ।

मन्त्रालयले त्यस सन्दर्भमा देशभरका सेवाप्रदायक अस्पताल र जिम्मेवार सम्पर्क व्यक्तिको विवरणसमेत सार्वजनिक गरेको छ।

मन्त्रालयले त्यससम्बन्धी सूची सार्वजनिक गर्दै निःशुल्क सेवामा बिरामीको पहुँच सुनिश्चित गर्न तथा गुनासो आए तत्काल समन्वय गर्न प्रत्येक अस्पतालका सम्पर्क अधिकारी तोकेको जनाएको छ।

मन्त्रालयले सार्वजनिक गरेको विवरणमा सङ्घीय, प्रादेशिक, सामुदायिक, शिक्षण तथा निजी अस्पताल समेटिएका छन्। मन्त्री निशा मेहताको सचिवालयका अनुसार प्रत्येक अस्पतालका फोकल पर्सनको नाम र फोन नम्बर राखिएको छ। जसबाट निःशुल्क उपचारसम्बन्धी समस्या आएमा बिरामी वा सेवाग्राहीले सिधैं सम्पर्क गर्न सक्ने व्यवस्था गरिएको छ।

सचिवालयका अनुसार कार्यविधिले सुनिश्चित गरेको १० प्रतिशत निःशुल्क स्वास्थ्य सेवालाई व्यवहारमै कार्यान्वयन गराउन मन्त्रालयले निगरानी र समन्वयलाई थप कडाइ गरेको हो।

मन्त्रालयले यसअघि नै निःशुल्क शय्या व्यवस्थापनका लागि अनलाइन पोर्टल सञ्चालनमा ल्याएको छ भने अस्पतालले आरक्षित शय्याको विवरण नियमित अद्यावधिक गर्नुपर्ने व्यवस्था लागू गरिसकेको छ।

मन्त्रालयले सेवाग्राहीलाई आवश्यक परे सार्वजनिक गरिएको सम्पर्क विवरण प्रयोग गरी निःशुल्क उपचारसम्बन्धी जानकारी लिन, समस्या भए गुनासो गर्न तथा सेवा प्राप्तिमा समन्वय गर्न आग्रह गरेको छ।

## *करदाता प्रोत्साहन...*

उपहार घोषणा गर्ने अघिल्लो दिनसम्म नगद कारोबार गरेर बिल लिएका उपभोक्तालाई आफ्नो बिल प्रणालीमा प्रविष्ट गर्न अनुरोध गरेको छ। विभागले शनिबारदेखि करदाता प्रोत्साहन पोर्टल सञ्चालनमा ल्याएको छ। चालु आर्थिक वर्षको बजेटमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले करदातालाई प्रोत्साहन गर्न करदाता प्रोत्साहन कार्यक्रम घोषणा गर्नुभएको थियो।

कार्यक्रमअन्तर्गत १०० रुपैयाँभन्दा बढीको वस्तु तथा सेवा खरिद गर्ने उपभोक्ता प्रोत्साहन कार्यक्रममा सहभागी हुन सक्नेछन्। जसलाई सरकारले हरेक दिन एक जनालाई कर कट्टी गरेर रु एक लाख र १५/१५ दिन गरेर महिनामा दुई जनालाई बम्परमा रु १०/१० लाख उपहार दिनेछ। बम्पर उपहारको रु १० लाख नगदमा भने करकट्टी हुनेछ।

# जग्गाको निस्सा दिलाइदिने भन्दै रकम असुल्नेमाथि कारबाही गरिने

काठमाडौं, १९ साउन (रासस)।

भूमि समस्या समाधान समितिले भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोवासीलाई जग्गाको निस्सा दिलाइदिने भन्दै रकम असुल्ने व्यक्तिमाथि कानुनबमोजिम कारबाही गरिने जनाएको छ।

समितिका अनुसार, देशभरबाट सङ्कलन भएका निवेदनका आधारमा उपलब्ध जग्गाको विवरण सूचना प्रणालीमा प्रविष्ट गरी सम्बन्धित स्थानीय तहबाट निःशुल्क रूपमा निस्सा वितरण भइरहेको छ। निस्सा प्राप्त गरेका निवेदकको पहिचान, प्रमाणीकरण तथा उपलब्ध गराइने जग्गाको पहिचान गर्ने जिम्मेवारी स्थानीय तहकै रहेको समितिले जनाएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको उक्त समितिका अनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको जिल्ला भूमि समस्या समाधान समितिमार्फत आवश्यक कर्मचारीलाई प्रशिक्षण दिइएको छ। स्थानीय तहका जनप्रतिनिधि तथा जिल्ला समितिका पदाधिकारीसँग छलफल र विभिन्न जिल्लामा स्थलगत अनुगमनसमेत गरिएको जनाएको छ।

समितिले पछिल्लो समय निवेदन दर्ता गरिदिने वा निस्सा दिलाइदिने भन्दै केही व्यक्तिले सेवाग्राहीबाट रकम असुलेको गुनासो प्राप्त भएको जनाएको छ। यस्तो कार्य गैरकानुनी रहेकाले कसैलाई पनि रकम नदिन समितिले आग्रह गरेको छ।

त्यस्ता गतिविधिमा संलग्न व्यक्तिमाथि प्रचलित कानुनबमोजिम अनुसन्धान गरी कारबाही गरिने चेतावनी दिँदै समितिले सेवाग्राहीलाई कुनै पनि प्रलोभनमा नपरी आधिकारिक प्रक्रियाबाट मात्र सेवा लिन आग्रह गरेको छ।

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी,सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, राजबिराज

सप्तरी

टिप्पणी र आदेश

मिति :-२०८३/०४/१४

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेप्ता बमोजिम रैती नं. २२ सितल बातरको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे तिलेबना सा.कि.नं.१३४ को ज.वि. १-१७-१६ र ऐ.ऐ.सा.कि.नं.१३५ को ज.वि. ०-१८-१५ समेत ज.वि.२-१६-११ जगा मध्ये २-१०-१५ समेत जग्गा मिती २०११।०२।११ र मिती २०११।९।९ गतेमा पारीत लेखत बमोजिम राधा कृष्ण दासले खरीद गरी लिएको जग्गा २०२८ सालमा नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.परसवनी वार्ड नं.५क कि.नं. १३४ को ज.वि. १-१७-१२ र गा.वि.स.परसनी वार्ड नं.५ख कि.नं. १३५ को ज.वि. १-१७-१७ नदीमा नापी भएको जग्गा हाल नदी उकास भै भोग चलन गर्दै आएको नदी उकास छुट जग्गा दर्ताको कार्यवाही भै जिल्ला सप्तरी गा.वि.स. कि.नं. १३४ को ज.वि. १-१७-१२ मध्ये १- १२-० र गा.वि.स.परसनी वार्ड नं.५ख कि.नं. १३५ को ज.बि. १-१७-१७ मध्ये ०-१८-१५ राजविराज न.पा. वडा नं. १ हाल वाड नं.७ बस्ने सोनाइ दासको नाती राधकृष्ण दासका छोरा बदी प्रसाद दासले यस कार्यालयमा द.नं. १६१३० मिति २०८२/१०/०९ गतेमा माग निवेदन परेकोले उक्त नदी उकास जग्गा निवेदक बाहेक अन्य कुनै व्यक्ति विशेप वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा मिती २०८३।०४।१४को आदेश बमोजिम यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाल गा.वि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| १३४<br>१३५ | परसवनी<br>परसवनी | ५क<br>५ख | ३०<br>५५ | १-१२-०<br>०-१८-१५ | राधाकृष्ण दासको छोरा बद्री प्रसाद दास | योजग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा नेपाल सरकार जनिएको |

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी,सघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमि प्रशासन कार्यालय, राजबिराज

सप्तरी

टिप्पणी र आदेश

मिति :-२०८३/०४/१४

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालमा नापी भएको जमाबन्दी श्रेप्ता बमोजिम रैती नं.९१ पवन दास पटवारीको नाममा कायम रहेका साविक प्रगन्ना मालझमुना मौजे कोलुवा सा.कि.नं.४६१ को ज.वि. ०-१८-१५ घरसारमा बण्डा भै पवन दास पटवारीमा ०-९-७.५ जग्गा परी सर्वे हुदा २०२८ सालमा नाप नक्सा भई जिल्ला सप्तरी गा.वि.स.बनरझुला वार्ड नं.३ कि.नं. २५३ को ज.वि. ०-४-१०.५ ऐ.ऐ.कि.नं. २५४ को ज.वि. ०-१-१२ ऐ.ऐ.कि.नं. २५५ को ज.वि. ०-१-१३ ऐ.ऐ.कि.नं.२५७ को ज.वि. ०-१-१७ समेत जग्गा फिल्ड बुक खाली रहेको पवन पटवारी मिति२०३५ साल भन्दा अगावै मृत्यु भै हकखाने एकमात्र पत्नी गोरकी देवी थरुनी समेत मृत्यु भै हकखाने ३ छोरा रहेकव्मा जेठा होवाइ चौधरी ,माहिला मरुक लाल चौधरी र कान्छा काशीलाल चौधरी भएकोमा जेठा होवाइ चौधरी मिती २०६१।।०२।५ मा मृत्यु भै निजको हकखाने जेडा छोरा नन्दी लाल चौधरी र कान्छा अर्जि लाल चौधरी भएकोमाा जेठा नन्दीलालको मिती २०३९।८।७ मा मृत्यु भै अर्जिलाल चौधरीको पनी २०७५ सालमाा मत्ये भै एकमात्र पत्नी श्री मति मंगली थरुनी रहेको ,मरुकलाल चौधरीको पनी २०७४।८।१२ मा मृत्यु भै हकखाने एकमात्र पत्नी भोला देवी थरुनी मिती २०३५ साल भन्दा अगावै मृत्यु भै निजहरु निशन्तान रहेको कान्छो काशीलाल चौधरी २०७३।८।२ मा मृत्यु भै हकखाने पत्नी समेत मृत्यु भै दुइ छोराहरु जिल्ला सप्तरी गा.वि.स. बनुझुला वाड नं.४ हाल खडक नगरपालिका ३ बस्ने मंगल चौधरी र निर कुमार चौधरी चकवती थारु समेत चार जनारहेको हुदा निजहरुले यस कार्यालयमा द.नं. १५६६० मिति २०८२/१०/०७ गतेमा माग निवेदन परेकोले उक्त नदी उकास जग्गा निवेदक बाहेक अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा मिती २०८३।०४।१४को आदेश बमोजिम यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्वन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाल गा.वि.स. | वार्ड नं. | हालकोकि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ४६१ | बनरझुला | ३<br>३<br>३<br>३ | २५३<br>२५४<br>२५५<br>२५७ | ०-४-१०.५<br>०-१-१२<br>०-१-१३<br>०-१-१७ | प्वन पटवारी को नाती मंगल चौधरी समेत | योजग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको ब्यहोरा महल खाली, |

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np